**अनुसूची २**

(दफा ४ तथा अनसूची (१) को भाग (२) सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः २ मितिः २०७६/०१/२८

**भाग-२**

**हेलम्बु गाउँपालिका**

**हेलम्बु गाउँ कार्यपालिकाबाट मिति २०७६/०१/२६ मा पारित**

## हेलम्बु गाउँपालिकाका सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्न सेवा प्रदायक संस्था छनौट सम्बन्धि कार्यविधि २०७५

### प्रस्तावना

सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था भए अनुसार यस गाउँपालिकामा सञ्चालन हुने सुरक्षित आप्रवासन कार्यक्रम लागु गर्न सहयोग गर्नका लागि सेवा प्रदायक संस्था छनोट गर्न गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

## नाम, परिभाषा

**१. नाम र प्रारम्भ :** यो कार्यविधिको नाम "हेलम्बु गाउँपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गन सेवा प्रदायक संस्था छनौट कार्यविधि, २०७५" रहेको छ । यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ख) "खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

ग) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनु पर्छ ।

घ) "सम्बन्धित मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ ।

ङ) "परामर्श सेवा" भन्नाले सुरक्षित आप्रवासन सम्बन्धि सूचना केन्द्र सञ्चालन गरी लक्षित समुह रहेको समुदाय र विद्यालयमा अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गर्ने, लक्षित समुहलाई मनोसामाजिक परामर्श र वित्तिय साक्षरता उपलब्ध गराउने, सुचना सामाग्रिहरु छपाई तथा वितरण गर्ने र रेडियो तथा एफ. एम. मार्फत सन्देशमूलक सूचना प्रसारण गराउने लगायत स्थानीय स्तरमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने अन्य क्रियाकलापहरु सम्झनु पर्छ ।

च) "प्रमुख" भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

छ) "कार्यालय प्रमुख" भन्नाले ऐनको दफा ८४ बमोजिमको गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ज) "सुरक्षित आप्रवासन परियोजना" भन्नाले नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच सम्झौता भई हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपालको प्राविधिक सहयोगमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत लागु भएको सुरक्षित आप्रवासन कार्यक्रम सम्झनुपर्छ ।

झ) "आप्रवासी श्रोत केन्द्र" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम लागु भएको जिल्लाको सदरमुकाम वा ईलाका प्रशासन कार्यालयमा रहेको श्रोत केन्द्रलाई सम्झनु पर्दछ ।

ञ) "स्थानीय सेवा प्रदायक" भन्नाले प्रचलित नियमानुसार यस जिल्लामा दर्ता भएको गैर सरकारी संस्था, कम्पनी, सामाजिक संस्थाहरु, क्लव वा ब्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## आवश्यक परामर्श सेवाको खरिद तयारी

**३. परामर्श सेवा खरिदको आवश्यकता र औचित्यता स्पष्ट गर्नेः**

(१) गाउँपालिकाले देहायको मध्ये कुन कुन अवस्थामा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्नुपर्ने हो सो को विवरण तयार गरी प्रमुखबाट स्वीकृत गराउनु पर्दछ । ( खरिद ऐन दफा २९ को उपदफा १)

(क) गाउँपालिकामा कार्यरत जनशक्तिबाट लक्षित वा तोकिएको काम हुन नसक्ने भएमा, वा

(ख) दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा ।

## ४. प्रस्ताव छनौट गर्ने विधि निर्धारण :

दफा ३ बमोजिम परामर्श सेवा खरिदको स्वीकृत भएपछि खरिदको अन्य प्रक्रिया अघि बढाउनु भन्दा पहिले गाउँपालिकाले खरिद गर्नलागेको दफा ३ बमोजिमको परामर्श सेवाकालागि प्रस्तावको छनौट देहाय बमोजिमको विधिको आधारमा हुने निर्णय प्रमुखबाट गराउनु पर्दछः-

(१) गुणस्तर र लागत विधि : प्रस्तावकको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत र आर्थिक प्रस्ताव लाई २० प्रतिशत भार दिई प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको मूल्याकंनका आधारमा सेवा प्रदायक संस्था छनोट गरिने विधि ।

## ५. कार्य क्षेत्रगत शर्त तयार गर्नु पर्ने :

(१) गाउँपालिकाले देहायको ब्यहोरा समावेश गरी परामर्श सेवा खरिद गर्नको लागि अनुसुची १ अनुसारको कार्य क्षेत्रगत शर्त तयार गर्नेछ ।

क) खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम तथा न्युनतम् रकम तथा समय र

ख) खरिद सम्झौता सेवा प्रदायक संस्थाको कार्य सम्पादन मूल्याकंनका आधारमा सुरक्षित आप्रवासन कार्यक्रमको दोश्रो चरणको अवधिभर नवीकरण गरिने ब्यहोरा ।

(२) उपदफा (१) अनुसारको कार्यक्षेत्रगत शर्त कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।

## ६. परामर्श सेवाको लागत अनुमान तयार गर्ने :

१) गाउँपालिकाले अनुसुची २ बमोजिमको ढाँचामा तयार गरेको परामर्श सेवाको लागत अनुमान देहाय अनुसारको कार्यालय प्रमुख वा प्रमुखबाट स्वीकृत गरी खरिद कार्य अघि बढाइनेछ ।

| | | | **गाउँपालिका** |
|---|---|---|---|
| क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो | क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो | क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो | क) पच्चीस लाख रूपैयाँ सम्मको लागत अनुमान प्रमुख प्रशासकीय |

| | | | |
|---|---|---|---|
| सरहको महाशाखा/शाखा प्रमूख /वडा सचिव<br><br>ख) पच्चिस लाख रूपैयाँ सम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा/महाशाखा प्रमूख प्रमुख/महाशाखा/शाखा प्रमूखबाट<br><br>(ग) पचास लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको वा सो सरहको विभाग/महाशाखा प्रमूख<br><br>(घ) दुई करोड रूपैयासम्म रकमको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृत<br><br>(ङ) दुई करोड रुपैयाभन्दा बढी रकमको लागत अनुमान प्रमुख | सरहको महाशाखा/शाखा प्रमूख /वडा सचिव<br><br>ख) पच्चिस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा/महाशाखा प्रमूख<br><br>(ग) एक करोड रूपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृत<br><br>(घ) एक करोड रूपैयासम्मको लागत अनुमान प्रमुख | सरहको शाखा प्रमूख<br><br>ख) पच्चिस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा/महाशाखा प्रमूख<br><br>(ग) एक करोड रूपैयासम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृत ।<br><br>(घ) एक करोड रुपैया भन्दा बढी रकमको लागत अनुमान प्रमुख । | अधिकृत<br><br>ख) पच्चिस लाख रूपैयाँ भन्दा बढी रकमको लागत अनुमान प्रमुख |

(२) उपदफा (१) बमोजिम परामर्श सेवाको लागत अनुमान तयार गर्दा देहायका कुरालाई आधार लिनु पर्नेछ :

(क) सुरक्षित आप्रवासन कार्यक्रमको परियोजना दस्तावेजले तोकेको लागत आधार,

(ख) सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,

(ग) यो महानगर/उपमहानगर/नगर/गाउँ पालिका वा अन्य स्थानीय तहले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत ।

घ) सम्बन्धित कामको लागि तोकिएको जिल्ला दर रेट ।

तर यस खण्डको आधारमा लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुको दरमा मूल्य समायोजन गरी लागत अनुमान तयार गरिनेछ ।

(३) महानगर/उपमहानगर/नगर/गाउँ पालिकाबाट देहायका खर्चहरु खुलाई परामर्श सेवाको लागत अनुमान तयार गरिनेछः

(क) मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक,

(ख) भ्रमण खर्च, जनशक्तिको बसोबास खर्च, कार्यालय खर्च, आवश्यक मालसामान उपकरण र सेवा खर्च, प्रतिवेदन र अन्य कागजातको अनुवाद, छपाई खर्च,

(ग) तालीम, गोष्ठी, सूचना प्रसारणकालागि लाग्ने खर्च र

(घ) अन्य खर्च ।

(ङ) लागत अनुमान तयार गर्दा कुनै खर्चको शिर्षक नखुलाई एकमूष्ठ रकम उल्लेख गर्न पाईने छैन ।

(च) लागत अनुमानमा कार्य सम्पादन गर्न आवस्यक सम्पुर्ण क्रियाकलापहरुको लागत सहित स्पष्ट उल्लेख भएको हुनुपर्दछ ।

## ७. खुला रुपमा आशयपत्र माग गरी संक्षिप्त सूची तयार गरिनेः

(१) परामर्श सेवा खरिद गर्न त्यस्तो परामर्श सेवा दिन इच्छुक यस जिल्लामा दर्ता भएका कम्तिमा पाँच बर्ष कार्य अनुभव भएका फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धि अनुसुची-३ को ढाँचामा आशयपत्र संकलन गर्न बिस लाख रुपैंयाँभन्दा बढी लागतको परामर्श सेवा भएमा कम्तीमा पन्ध्र दिनको र पाँचलाख रुपैयाँ भन्दा बढि बिस लाख रुपैंयाँ सम्मको लागतको भएमा कम्तीमा सात दिनको अवधि दिई दैनिक समाचारपत्रमा अनुसुची-४ अनुसारको सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना यस महानगर/उपमहानगर/नगर/गाँउ पालिकाको वेभ साईटमा राख्नु पर्नेछ ।

(३) पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको आधारमा आशयपत्रको मूल्याङ्कन गरी महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले त्यस्तो परामर्श सेवा दिन सक्ने आशयपत्रदाताको छनौट गर्नु पर्नेछ ।

(४) कम्तिमा तीनवटा आशयपत्रदाता छनौट हुन नसके महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले सात दिनको अवधि दिई पुनः सूचना प्रकाशन गरी आशयपत्र माग गरिनेछ ।

(५) उपदफा (४) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेमा छनौट भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

(६) महानगर/उपमहानगर/नगर/गाँउ पालिकाले उपदफा (५) बमोजिमको सूचीमा समावेश भएका आशयपत्रदाता सँग छलफल, प्रस्तावदाताको बारेमा सरोकारवालाको पृष्ठपोषण लिने साथै उनिहरुको कार्यालयको स्थलगत अध्ययन गरी अनुसुची ११ को ढाचामा मूल्याकंन गर्नेछ ।

(७) उपदफा (६) अनुसारको मूल्याकंनमा न्युनतम् ४० प्रतिशत र सोभन्दा बढि अंक ल्याउने आशयपत्रदाताहरुको मात्र सुची तयार गरिनेछ ।

(८) यसरी तयार भएको सूची कार्यालय प्रमुखबाट स्वीकृत गरी सोको जानकारी आशयपत्र पेश गर्ने सबै आशयपत्रदातालाई दिइनेछ ।

(९) उपदफा (३) बमोजिम क्षमताको मूल्याङ्कन गर्दा परामर्श सेवाको कूल लागत अनुमानको एक सय प्रतिशतमा नबढ्ने गरी हुने कारोबार रकम (टर्नओभर) को आधार लिनु पर्नेछ ।

(१०) यस कार्यविधि बमोजिम आशयपत्रदाता छनौट गर्दा कुनै आशयपत्रदाताले आफूले प्राप्त गरेको अङ्क र छनौटमा पर्न नसकेको कारण स्थानीय तहसँग माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेको अङ्क र छनौट हुन नसकेको कारण आशयपत्रदातालाई दिनु पर्नेछ ।

(११) पाँचलाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा खरिद गर्नु पर्दा त्यस्तो परामर्श सेवा दिन सक्ने फर्म, संस्था वा कम्पनीको अनुसुची-५ अनुसारको मौजुदा सूची अद्यावधि गरी सोही सूचीमा समावेश भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुमध्येबाट प्रस्ताव माग गर्न सकिनेछ ।

(१२) सुरक्षित आप्रवासन सम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट लिनुपर्नेछ । परामर्श सेवालाई बिभाजन गर्न पाईनेछैन ।

## परिच्छेद - ३

## परामर्श सेवा खरिदको प्रस्ताव माग, मुल्याकंन र स्वीकृति

### ८. प्रस्ताव माग गर्ने :

(१) दफा ७ बमोजिम संक्षिप्त सूची तयार भएपछि सो सूचीमा परेका आशयपत्रदाताहरुलाई अनुसुची-६ अनुसारको प्रस्ताव माग पत्र, हुलाक, कुरियर वा व्यक्ति वा विद्युतीय सञ्चार माध्यम मार्फत पठाई पाँच लाख रुपैयाँभन्दा बढि बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको खरिदका लागि कम्तिमा पन्ध्र दिन र सो भन्दा बढी लागत अनुमान भएको खरिदका लागि कम्तिमा एक्काईस दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गरिनेछ । (खरिद नियमावलीको नियम ७१ को उपनियम १)

(२) प्रस्ताव माग पत्रमा प्रस्ताव मूल्याङ्कनको अङ्कभार समेत उल्लेख गरिनेछ ।

(३) प्रस्तावमा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको खाम छुट्टा छुट्टै शिलबन्दि गरी माग गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ देहायका कागजातहरु समेत माग गर्नुपर्नेछ :

क) प्रस्तावदाताको प्रस्ताव पेशगर्ने कानुनी अधिकार प्रमाणित गर्ने,

ख) संस्थाको अन्तिम तिन बर्षको लेखापरीक्षण प्रतिवेदन

ग) प्रस्तावित कार्यसँग स्वार्थ नबाझिएको कुराको स्पष्टोक्ति,

घ) वीज्ञहरुको प्रतिवद्धता र उनिहरु सँगको सम्झौता,
ङ) प्रस्तादाताको अनुभव सम्वन्धी विवरण,
च) अन्य आवश्यक ठानिएका कागजातहरु,
छ) प्रस्ताव साथ पेश गरिएका सम्पुर्ण कागजातहरु नोटरी पब्लिक बाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

## ९. प्रस्ताव खोल्ने तरिकाः

(१) प्रस्ताव खोल्दा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नु पर्नेछ ।
तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
(२) उपदफा (१) बमोजिम प्रस्ताव खोल्नु अघि म्याद नाघी प्राप्त हुन आएका प्रस्तावको खाम र रीतपूर्वक दर्ता भएका प्रस्तावको खामलाई छुट्याई म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ । त्यसरी फिर्ता गरिएको कुरा, मिति र समय खरिद कारबाहीको प्रतिवेदनमा खुलाउनु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम प्रस्ताव फिर्ता गरेपछि रीतपूर्वक दर्ता भएका प्रस्तावको बाहिरी खाम क्रमैसंग खोली सो खामसँग रहेको प्राविधिक प्रस्तावको खाम खोली देहायका कुरा पढेर सुनाई अनुसुची ७ बमोजिमको मुचुल्का तयार गर्नुपर्नेछ :

(क) प्रस्तावदाताको नाम र ठेगाना,
(ख) प्रस्तावमा प्रस्तावदाताको हस्ताक्षर भए नभएको,
(ग) प्रस्ताव सम्बन्धि कागजातमा सच्याइएको वा केरमेट गरेकोमा प्रस्तावदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे नगरेको,
(घ) उपयुक्त ठानेको अन्य आवश्यक कुराहरु ।

(४) उपदफा (३) बमोजिमको मुचुल्कामा उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ ।
(५) उपदफा (३) बमोजिम खोलिएको प्राविधिक प्रस्ताव यशाशिघ्र मूल्याङ्कन समितिमा पठाउनु पर्नेछ ।

## १०. प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्ने तरिकाः

(१) प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिका प्रत्येक सदस्यले छुट्टा छुट्टै रुपमा अनुसुची ८ मा उल्लिखित आधार बमोजिम मूल्याङ्कन गरी प्रस्तावदाताले प्राप्त गरेको अङ्क यकिन गर्नु पर्नेछ ।
(२) महानगर/उपमहानगर/नगर/गाँउ पालिकाले प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नको लागि सम्बन्धित विज्ञहरूको सहयोग लिन सक्नेछ ।
(३) उपदफा (१) बमोजिम अङ्क यकिन भएपछि सो समितिको प्रत्येक सदस्यले प्रदान गरेको अङ्क गणना गरी सो समितिले त्यस्तो प्रस्तावले प्राप्त गरेको औसत अङ्क निकाल्नु पर्नेछ ।
(४) उपदफा १ र ३ बमोजिम मूल्याङ्कन पछि मूल्याङ्कन समितिले उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावदाताहरुको सूची अनुसुची ९ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूची तयार गर्दा उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई पहिलो नम्बरमा राखी प्राप्ताकंको आधारमा क्रमैसंग राखी तयार गरी कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्नेछ ।

(६) मूल्याङ्कन समितिले प्राविधिक प्रस्तावको मूल्याङ्कनको कार्य समाप्त नहुञ्जेल आर्थिक प्रस्ताव खोल्नु हुँदैन ।

(७) उपदफा (४) बमोजिमको सूचीमा रहेका प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोल्नुपर्नेछ ।

## ११. मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने :

(१) मूल्याङ्कन समितिले दफा १० बमोजिमको मूल्याङ्कन सम्बन्धी कारबाही पछि प्रस्तावको गुणस्तर सम्बन्धमा देहायका कुराहरु समेत उल्लेख गरी अनुसुची १० को ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(क) प्रस्तावदाताको नाम र ठेगाना,

(ख) प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहीछाप भए वा नभएको,

(ग) प्रस्तावदाता प्रस्ताव पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्ने कागजातहरु पेश भए वा नभएको,

( घ) प्रस्ताव सम्बन्धी कागजातमा प्रस्तावदातालाई दिइएको निर्देशन अनुरुप प्रस्ताव पूर्ण भए वा नभएको, र

( ङ ) प्रत्येक प्रस्तावको सापेक्षिक सबलता, दुर्बलता र मूल्याङ्कनको परिणाम ।

## १२. छनौट भएको प्रस्तावदातालाई सूचना दिनु पर्ने :

(१) दफा १० बमोजिम उत्तिर्ण भएका प्रस्तावदातालाई आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी कम्तिमा सात दिनको समय दिई सो मिति र समयमा उपस्थित हुन अनुसुची १२ अनुसारको सूचना दिईनेछ ।

(२) उत्तीर्णाङ्क प्राप्त नगर्ने प्रस्तावदातालाई निजको प्राविधिक प्रस्ताव छनौट हुन नसकेको कारण खुलेको अनुसुची १३ अनुसारको सूचना सहित निजको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम प्रस्तावदाता छनौट गर्दा कुनै प्रस्तावदाताले आफूले प्राप्त गरेको अङ्क र छनौटमा पर्न नसकेको कारण माग गरेमा पाँच दिनभित्र निजले प्राप्त गरेको अङ्क र छनौट हुन नसकेको कारण अनुसुची १४ अनुसारको ढाँचामा प्रस्तावदातालाई दिनु पर्नेछ ।

## १३. आर्थिक प्रस्ताव खोल्नेः

(१) मूल्याङ्कन समितिले आर्थिक प्रस्तावको खाम खोल्दा प्रस्तावदाता वा निजको प्रतिनिधिको उपस्थितिमा खोल्नु पर्नेछ ।

तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम आर्थिक प्रस्तावको खाम खोले पछि मूल्याङ्कन समितिले प्रस्तावदाताको नाम, निजले प्राविधिक प्रस्तावमा प्राप्त गरेको अङ्क र आर्थिक प्रस्तावमा प्रस्ताव गरेको सेवा शुल्क पढेर सुनाई अनुसुची १५ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ ।

**१४. आर्थिक प्रस्तावको मूल्याङ्कन :**

(१) प्रस्ताव सम्बन्धि कागजातमा अन्यथा उल्लेख गरिएकोमा बाहेक आर्थिक प्रस्तावको मूल्याङ्कन प्रयोजनको लागि सो प्रस्तावमा मूल्य अभिवृद्धि कर बाहेक प्रचलित कानून बमोजिम परामर्शदातालाई लाग्ने कर तथा परामर्शदाताको भ्रमण, सम्बन्धित कागजातको अनुवाद, प्रतिवेदन छपाई वा शिरोभार खर्च जस्ता सोधभर्ना हुने खर्च समेत निजको सेवा शुल्कमा समावेश गरिएको मानिनेछ ।

(२) मूल्याङ्कन समितिले प्रत्येक प्रस्तावदाताको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावमा कुनै अङ्क गणितीय त्रुटी पाइएमा त्यस्तो त्रुटी सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउँदा एकाई दर र कुल रकममा भिन्नता भएमा एकाई दर मान्य हुनेछ र सोही दर बमोजिम कुल रकम सच्याउनु पर्नेछ । त्यसरी त्रुटी सच्याइएको भएमा सोको जानकारी सम्बन्धित प्रस्तावदातालाई दिनु पर्नेछ ।

(३) प्रस्तावदाताले आर्थिक प्रस्तावमा उल्लेख गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ ।

(४) प्रस्तावित कवोल अङ्कमा प्रस्तावदाताले कुनै छुट दिन प्रस्ताव गरिएको कुरा आर्थिक प्रस्ताव खोलेको मुचुल्कामा उल्लेख भएको भए मूल्याङ्कन समितिले त्यसरी छुट दिन प्रस्ताव गरिएको रकम समायोजन गर्नु पर्नेछ ।

(५) मूल्याङ्कन समितिले प्रस्तावदाताहरुले पेश गरेको आर्थिक प्रस्तावको आधारमा अनुसुची १६ को ढाँचामा एक बिश्लेषण तालिका तयार गर्नु पर्दछ ।

**१५. प्रस्तावदाताको छनौट :**

(१) प्रस्तावको छनौट गर्न गुणस्तर र लागत विधि अपनाउनु पर्ने भएकाले मूल्याङ्कन समितिले दफा १४ को उपदफा (५) को बिश्लेषण तालिकाको आधारमा प्राविधिक र आर्थिक प्रस्तावमा उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको नाम पहिलो नम्बरमा राखि प्राप्ताकंको आधारमा क्रमै सँग प्रस्तावदाताहरुको नाम राखी सुची तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा १ को सुची प्राप्त भएपछि कार्यालय प्रमुखले स्वीकृत गर्नु पर्दछ ।

(३) यसरी छनौट भएको प्रस्तावदातासँग वार्ता गर्नु पर्ने भएमा महानगर/उपमहानगर/नगर/गाउँ /पालिकाले त्यस्तो प्रस्तावदातालाई मिति, समय र स्थान खोली सात दिन भित्र वार्ता गर्न आउन अनुसुची १७ अनुसारको सूचना दिनु पर्नेछ ।

**१६. प्रस्तावदातासँग वार्ता :**

(१) दफा १५ बमोजिम छनौट भएको प्रस्तावदातासँग कार्य क्षेत्रगत शर्त र प्रस्तावित सेवाको कार्यक्षेत्र, प्रगति प्रतिवेदन, महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले उपलब्ध गराउनु पर्ने सुविधाका विषयमा वार्ता गर्न सकिनेछ ।

(२) आर्थिक प्रस्तावका सम्बन्धमा पेशाविद्हरुको पारिश्रमिक सम्बन्धमा वार्ता हुन सक्ने छैन । तर शोधभर्ना हुने प्रकृतिका खर्च सम्बन्धमा वार्ता गर्न सकिनेछ ।
(३) यस दफा बमोजिम वार्ता गर्दा महानगर/उपमहानगर/नगर/गाउँ पालिका र प्रस्तावदाता दुवैलाई स्वीकार्य हुने सहमति भएमा अनुसुची १८ अनुसारको सहमति पत्रमा दुबै पक्षले हस्ताक्षर गर्नुपर्नेछ र यदि त्यस्तो सहमति हासिल हुन नसकेमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने अर्को प्रस्तावदातासँग क्रमैसँग वार्ता गरिनेछ ।

## परिच्छेद - ४

## खरिद सम्झौता

### १७. खरिद सम्झौता गर्ने :

(१) दफा १६ बमोजिम भएको वार्तामा सहमतिमा पुगेको प्रस्तावदाताको प्रस्ताव कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।
(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट भएको सात दिनभित्र त्यसरी छनौट भएको प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना अनुसुची १९ अनुसारको ढाचामा सम्बन्धित प्रस्तावदातालाई र सूचीमा परेका अन्य प्रस्तावदातालाई दिई सार्वजनिक जानकारीकालागि प्रकाशन गर्नु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले पुनरावलोकनकालागि निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिने छ र निजलाई सम्झौता गर्न आउन पन्ध्र दिनको अवधि दिई अनुसुची २० अनुसारको सूचना दिनु पर्नेछ ।
(४) उपदफा (३) बमोजिमको अवधिभित्र निज सम्झौता गर्न उपस्थित भएमा निजले अनुसुची ६ को भाग २ को परिच्छेद ८ बमोजिमको ढाँचामा महा/उप/नगर/गाउँपालिकाले तयार गरेको सम्झौता गर्नु पर्नेछ र उपस्थित नभएमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने अर्को प्रस्तावदातासँग क्रमैसँग वार्ता गरी सम्झौता गरिनेछ ।

## परिच्छेद - ५

## विविध

### १८. स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेकासंगमात्र खरिद गरिने :

(१) परामर्श सेवा खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्य अभिवृद्धि कर नलाग्ने परामर्श सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट समेत खरिद गर्न सकिनेछ ।

### १९. मूल्याङ्कन समिति

(१) परामर्श सेवाको खरिदकालागि प्रस्ताव मूल्याकंन गर्न देहाय बमोजिमको मूल्याङ्कन समितिको गठन हुनेछ :

(क) प्रमुखले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) - अध्यक्ष

(ख) महानगर/ उपमहानगर/नगर/गाँउ पालिकाको आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) विषयसँग सम्बन्धित विशेषज्ञ कर्मचारी (सम्भव भएसम्म अधिकृतस्तर) - सदस्य

(घ) महानगर/ उपमहानगर/नगर/गाँउ पालिकामा कानून अधिकृतको दरबन्दी रहेको भए सो कानून अधिकृत - सदस्य

(ङ) प्राविधिक सहयोगी संस्थाको प्रतिनिधि- सदस्य

(२) खरिद एकाईको प्रमुखले उपनियम (१) बमोजिमको समितिको सचिवको रुपमा काम गर्नेछ ।

**२० खरिद इकाई**

१. महानगर/ उपमहानगर/नगर/गाँउ पालिकामा आवस्यक पर्ने परामर्श सेवा खरिद कार्य गर्नकालागि छुट्टै खरिद इकाई वा आवस्यकता अनुसार शाखा वा महाशाखा गठन गरिनेछ ।

२. त्यस्तो खरिद इकाईको कार्य गर्नका लागि न्युनतम् अधिकृत स्तरको कर्मचारी तोकिनेछ ।

**२१. प्रस्ताव तयार गर्दा ध्यान दिनुपर्ने बिषयहरु :**

(१) प्रस्तावदाताहरुलाई प्रस्ताव तयार गर्दा अन्य कुराको अतिरिक्त ध्यान दिनुपर्ने कुराहरु अनुसुची २१ अनुसारको हुन सक्नेछन् ।

**२२. आर्थिक र वित्तीय क्षमता खुल्ने कागजात पेश गनुपर्नेः**

(१) प्रस्ताव सम्बन्धि कागजातमा प्रस्तावदाताको आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने कागजात माग गर्दा देहायका कागजात माग गरिनेछ :

(क) निजको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त क, ख वर्गको बैंक वा वित्त कम्पनिमा रहेको बैक खाताको बैङ्क स्टेटमेण्ट,

(ख) निजको व्यवसाय सम्बन्धि कारोवारको आर्थिक विवरण,

(ग) निजको सम्पत्ति, दायित्व तथा नाफा नोक्सानको विवरण खुल्ने वासलात,

(घ) निजको आर्थिक र वित्तीय हैसियत खुल्ने अन्य कुरा, र

(ङ) प्रस्ताव सम्बन्धि कागजातमा उल्लिखित अन्य विवरण ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको वासलात माग गर्दा कामको प्रकृति अनुसार अन्तिम तीन आर्थिक वर्षको वासलात माग गर्न सकिनेछ ।

**२३. खरिद कारबाही वा निर्णयको पुनरावलोकन :**

१. महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले गरेको खरिद कारबाही वा निर्णय उपर पुनरावलोकन गर्न देहायको पुनरावलोकन समिति रहनेछ :

क) महानगर/उपमहानगर/नगर/गाउँ पालिकाको उपप्रमूख वा उपाध्यक्ष –अध्यक्ष
ख) महानगर/उपमहानगर/नगर/गाउँ कार्यपालिकाको सदस्य मध्येबाट प्रमूखले तोकेको एक जना – सदस्य
ग) महानगर/उपमहानगर/नगर/गाउँ कार्यपालिकाको आन्तरिक लेखापरीक्षक – सदस्य सचिव

महानगर/उपमहानगर/नगर/गाउँ पालिकामा आन्तरिक लेखापरीक्षक नभएमा महानगर/उपमहानगर/नगर/गाउँ पालिकाको प्रशासन शाखा प्रमूखले सदस्य सचिवको रुपमा कार्य गर्नेछ ।

२. महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले खरिद कारबाही वा निर्णय गर्दा कुनै त्रुटि गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै प्रस्तावदाताले त्यस्तो त्रुटि वा निर्णयको पुनरावलोकनका लागि पुनरावलोकन समितिको अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिने पुनरावलोकनको निवेदन खरिद सम्झौता हुनुभन्दा अघिको कारबाहीका सम्बन्धमा सीमित हुनेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन दिँदा महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले खरिद कारबाही सम्बन्धि त्रुटि गरेको वा कर्तव्य पालना नगरेको कुरा प्रस्तावदाताले थाहा पाएको मितिले सात दिनभित्र निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको निवेदनमा महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले कुन काम गरेको वा नगरेको कारणले त्यस्तो त्रुटि हुन गएको हो वा कर्तव्य पालना नभएको हो र त्यस्तो निर्णय खरिद ऐन वा नियमावली वा यो कार्यविधिको कुन प्रावधान विपरीत छ भन्ने कुरा स्पष्टरुपमा खुलाउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको अवधि नाघी प्राप्त भएको पुनरावलोकनको निवेदन उपर कुनै कारबाही हुने छैन ।

(७) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा छानबिन गर्दा खरिद कारबाहीमा कुनै त्रुटि देखिए, महानगर/उपमहानगर/नगर/गाउँ पालिकाले पालना गर्नु पर्ने कर्तव्य पालना गरेको नदेखिए वा त्यस्तो निर्णय कानून विपरीत देखिएमा पुनरावलोकन समितिको अध्यक्षले खरिद कारबाही निलम्बन गरी सो निवेदन प्राप्त भएको पाँच दिनभित्र कारण खुलाई लिखित निर्णय गरिनेछ ।

(८) उपदफा (७) बमोजिमको निर्णयमा सो खरिद कारबाही कसरी अगाडि बढाउने भन्ने कुरा समेत उल्लेख हुनेछ ।

(९) उपदफा (७) र (८) अनुसारको निर्णयको जानकारी सुरक्षित आप्रवासन कार्यक्रमको समन्वय कार्यालयलाई समेत दिईनेछ ।

## अनुसुची १ : कार्यक्षेत्रगत शर्त

**सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गत सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) सञ्चालन र समुदायिक परिचालन कार्यक्रम संचालनार्थ स्थानीय सेवा प्रदायक संस्थाका लागि कार्य क्षेत्रगत शर्त**

# कार्यक्षेत्रगत शर्त (Terms of Reference)

### १. पृष्ठभुमी

नेपालको सन्दर्भमा वैदेशिक रोजगारी जिवीकोपार्जनको एक प्रमुख माध्यमको रुपमा रहेको देखिन्छ । बैदेशिक रोजगारीले नेपालको गरिवी न्यूनिकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले परिवारको तहमा मात्र नभई राज्यको समग्र आर्थिक सुचकलाई सन्तुलन गर्न ठुलो टेवा दिएको छ। वैदेशिक रोजगारी नेपालका लागि बैदेशिक मुद्रा आर्जनको सबैभन्दा ठुलो श्रोत रहेको छ र नेपालको आयातमुखी अर्थतन्त्र धान्नका लागि सबैभन्दा बढि योगदान दिइ रहेको छ । यी सबै महत्वपूर्ण तथ्य तथ्यांङ्कहरुंका बावजुद बैदेशिक रोजगारको क्षेत्र विभिन्न कारणले समस्याग्रस्त रहेको छ। विशेष गरी वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनका परिवार र साथै राज्यले यस क्षेत्रबाट जुन मात्रामा लाभ पाउनु पर्ने हो त्यो प्राप्त गर्न नसकिरहेको परिस्थीती देखिन्छ । वैदेशिक रोजगारीमा जाने ठुलो संख्याका कामदार तथा तिनका परिवारहरु ठगी, शोषण तथा विभिन्न प्रकारका धोकापूर्ण अवस्थामा परेका देखिन्छन् भने यसैका कारणले राज्य, समाज तथा परिवारले बढ्दो सामाजिक लागतको भार समेत ब्योहोर्नु पर्ने परिस्थीती सिर्जना भएको देखिन्छ।

### २. परियोजनाको शुरुवात र निरन्तरता

माथि उल्लेखित परिवेशलाई केही हदसम्म सम्वोधन गर्दै वैदेशिक रोजगारीमा जाने व्यक्ति तथा परिवारहरुको सो प्रयासलाई सुरक्षित, व्यवस्थित तथा उपलब्धीमुलक बनाउनका लागि नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकारको संयुक्त प्रयासमा सुरक्षित आप्रवासन परियोजना (सामी) शुरुवात भएको हो । यस परियोजनाले वैदेशिक रोजगारमा जानका लागि कसैलाइ प्रेरित पनि गर्दैन तथा नजानका लागि हतोत्साहित पनि पार्दैन । यो परियोजना नेपाल सरकार तथा स्वीस सरकार विकास सहयोग बीच २४ अषाढ २०६८ (८ जुलाई २०११) मा सम्झौता भई पाईलट परियोजानकारुपमा खोटाङ्ग र सर्लाही जिल्लाहरुबाट शुरुवात भएको हो। सो पाईलट चरणमा परियोजनाले प्राप्त गरेको महत्वपूर्ण उपलब्धिहरु र उपयोगी सिकाइहरुका आधारमा परियोजनालाई विस्तार गर्नु अत्यन्त सान्दर्भिक हुने निश्कर्षका साथ दुबै सरकार विच २१ आषाढ २०७० (५ जुलाई २०१३) मा परियोजनाको दोश्रो चरणको सम्झौता भई सोही अनुरुप माथि उल्लेखित दुई जिल्ला र काठमाडौं सहित जम्मा १९ वटा जिल्लाहरुमा परियोजना विस्तार भई कार्यान्वयनमा आयो । परियोजनाको समग्र नेतृत्व नेपाल सरकार, तत्कालीन श्रम तथा रोजगार मन्त्रालयले लिएको थियो भने परियोजना कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालय तथा हेल्भेटास स्वीस ईन्टरकोअपरेसन नेपालले संयुक्तरुपमा लिएका थिए।

परियोजना कार्यान्वयन भएको विगत ७ बर्षको अवधिमा नेपालमा बैदेशिक रोजगारीको परिदृष्यमा खासै परिवर्तन भएको छैन । नेपालबाट वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो क्रममा नै रहेको र त्यसबाट श्रृजीत समस्या तथा चुनौतीहरु पनि बढ्दो क्रममा रहेको हुँदा परियोजनाको सान्दर्भीकता समेत थप बढ्दै गएको देखिन्छ। सोही तथ्यलाई

दृष्टिगत गर्दै नेपाल सरकार तथा स्विट्जरल्याण्ड सरकार विच आर्थिक बर्ष २०७५/७६ आश्विन देखी २०७८/७९ को असार मसान्तसम्म थप ४ बर्षका लागि परियोजनाको तेश्रो चरण कार्यान्वयन गर्ने समझदारी भई सकेको छ।

परियोजनाको दोश्रो चरणमा जस्तै तेश्रो चरणमा गरिने मुख्य क्रियाकलापहरुमा आप्रवासी श्रोत केन्द्र लगायत अन्य विभिन्न माध्यमवाट सुरक्षित आप्रवासन सम्बन्धि जनचेतना, प्रस्थान पुर्व आवश्यक सुचना तथा परामर्श, सीप विकास तालिमकोलागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानुनी उपचार, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता, गन्तब्य मूलुकमा समस्यामा परेमा सहयोग, वैदेशिक रोजगारी सम्वन्धि अनुसन्धान, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको विषयगत तथा सेवा प्रदान गर्न सहयोग आदि रहेका छन् । यो परियोजना ३९ जिल्लामा स्थानीय सरकार मार्फत संचालन गरिने छ । वैदेशिक रोजगारमा जान इच्छुक महिला तथा पुरूषहरुलाई आवश्यक र सही सूचना प्रदान गरी उनीहरुलाई जानकार गराई स्वनिर्णय गर्ने क्षमताको विकास गर्न मद्दत गर्ने यस परियोजनाको ध्येय रहेको छ।

**३. परियोजनाको लक्ष्यः**

परियोजनाको समग्र लक्ष्य "वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवार सम्बन्धित राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मुलुकको मर्यादित कार्य वातावरणबाट लाभान्वित हुनेछन् ।"

**परियोजनाको उपलब्धी १** : महिला तथा पुरुष आप्रवासी कामदार र उनका परिवार एवं सीमान्तकृत समूह समेतको, वैदेशिक रोजगारीबाट प्राप्त हुने प्रतिफलमा वृद्धि र आप्रवासनका कारणबाट सृजित सामाजिक असरहरू एवं लागत न्यूनीकरण भएको हुनेछ।

**परियोजनाको उपलब्धी २** : तीनै तहका सरकारहरुले प्रभावकारी संयन्त्रको प्रयोगद्वारा वैदेशिक रोजगारीमा रहेका कामदार तथा उनका परिवारहरूको संरक्षण गर्नेछन् ।

**आशातित प्रतिफलहरु :**

१.१ कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरूका वैदेशिक रोजगारमा जान चाहने महिला तथा पुरुषहरूमा आफ्नो वैदेशिक रोजगारीलाई कसरी सुरक्षित बनाउने भन्ने विषयमा सूचनाको पहुँच पुगेको हुनेछ।

१.२ वैदेशिक रोजगारीका क्रममा ठगी वा शोषणमा परेका पीडित आप्रवासी कामदारलाई कानुनी उपचार तथा यस सम्बन्धी अन्य सेवाहरु प्राप्त हुनेछ।

१.३ वैदेशिक रोजगारक्रममा पीडामा परेका कामदार तथा उनका परिवारहरूलाई सामाजिक सहयोग प्राप्त हुनेछ।

१.४ वैदेशिक रोजगारीमा जाने आप्रवासी कामदारले श्रम गन्तव्य मुलुकका रोजगार दाताहरुबाट मान्यता प्राप्त सीप प्राप्त गर्नेछन् ।

१.५ वैदेशिक रोजगारीमा रहेका कामदारका परिवारहरुले प्राप्त विप्रेषणको व्यवस्थापन तथा बचत वृद्धि गर्न आवश्यक सीप हासिल गर्नेछन् ।

१.६ प्रभावकारी नीतिगत छलफलका लागि आप्रवासी हक अधिकारकर्मीहरुसंग आवश्यक सीप तथा प्रमाणहरु हुनेछन् ।

२.१ सुरक्षित र व्यवस्थित वैदेशिक रोजगारको सुनिश्चितता गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको क्षमता विकास भएको हुनेछ।

२.२ वैदेशिक रोजगार विभागमा स्थापित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी संचालन तथा बिस्तार हुनेछ।

२.३ वैदेशिक रोजगार सम्बन्धी आप्रवासी श्रोत केन्द्रहरुलाई सहयोग गर्न वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको विकास गरिएको हुनेछ साथै वैदेशिक रोजगारको लागि सीप/तालिम प्रदान गर्न संयन्त्रको विकास हुनेछ ।

२.४ वैदेशिक रोजगार सम्बन्धि रणनैतिक तथा समन्वयात्मक भूमिका निर्वाह गर्न छानिएका प्रदेश सरकारहरुको क्षमता अभिवृद्धि हुनेछ ।

२.५ वैदेशिक रोजगारसम्बन्धी सेवाहरू सञ्चालन गर्न आप्रवासी श्रोत केन्द्र रहेको स्थानीय तह  र अन्य स्थानीय तहहरूले सहयोग गर्नेछन् ।

२.६ आप्रवासी स्रोत केन्द्रहरूले सुरक्षित आप्रवासन सम्बन्धी सेवाहरू प्रभावकारी रूपमा प्रवाह गर्न आवश्यक सहयोग पुऱ्याउने छन् ।

परियोजनाले संघीय, प्रदेश तथा स्थानीय सरकारहरुमा बिभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य गर्दछ । परियोजनाले संघीय स्तरमा विशेषगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार प्रबर्द्धन वोर्ड र वैदेशिक रोजगार विभाग, आप्रवासन संवन्धी कार्य गर्ने अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग सहकार्य गर्दछ । प्रदेश स्तरमा सामाजिक सुरक्षा मन्त्रालय र स्थानिय स्तरहरुमा जिल्ला समन्वय समिति, स्थानीय सरकारहरु, जिल्ला/ईलाका प्रशासन कार्यालय, स्थानीय सुरक्षा निकाय आदिसँग निकट रहेर कार्य गर्दछ ।

कार्यक्रम लागुहुने ४ वटा स्थानीय सरकारहरुले संयुक्त रुपमा एक स्थानीय सेवा प्रदायक संस्था छनौट गर्नेछन् । यस परियोजनाका लागि सामी/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपालले **प्राविधिक सहयोगी संस्था**को रुपमा काम गर्नेछ ।यो कार्य क्षेत्रगत शर्त स्थानीय सेवा प्रदायक संस्था छनौट गरी **सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन एवं सामुदायिक परिचालन कार्यक्रम**को व्यवस्थापनका लागि तयार पारिएको हो ।

## ४. परामर्श सेवा खरिदको आवश्यकता

संविधान र अन्य विभिन्न ऐनहरुले स्थानीय सरकारलाई महत्वपुर्ण अधिकार, जिम्मेवारी तथा दायित्वहरु सुम्पीएको छ । यस सन्दर्भमा त्यस्ता कार्यहरु सम्पन्न गर्न स्थानीय सरकारले आवश्यक्ता अनुसार सेवा प्रदायक संस्था छनौट गरि कार्य संचालन गर्न सक्ने अधिकार पनि प्राप्त छ । स्थानीय सेवा प्रदायक संस्थाले सुरक्षित आप्रवासन सम्बन्धि विभिन्न कार्यक्रमहरुको कार्यान्वयन गर्नु पर्नेछ। स्थानीय सेवा प्रदायक संस्था मार्फत काम गर्दा सवै सरोकारवालाहरुको संग्लनता साथै उनीहरुको जवाफदेहितामा वृद्धि हुने तथा स्थानीय सरकारलाई कियाकलापहरुको गुणस्तर अनुगमन गर्न पनि सघाउ पुग्दछ । तसर्थ सुरक्षित आप्रवासन परियोजनाले स्थानीय तहहरुमा सञ्चालन गर्ने क्रियाकलापहरु स्थानीय सेवा प्रदायक संस्था मार्फत गर्दा उपयुक्त हुने र सो प्रयोजनका लागि स्थानिय तहहरुले प्रचलित ऐन, नियमावली, कार्यविधीहरुको अधिनमा रही निष्पक्ष र विवादरहीत ढंगमा तोकिएका सेवाहरु प्रदान गर्न सक्षम सेवा प्रदायक संस्था छनौट गरी सोही मार्फत कार्य सञ्चालन गर्ने पद्धति अवलम्वन गरेको छ ।

परियोजनाको अपेक्षित प्रतिफल हासिल गर्नको लागि स्थानीय सेवा प्रदायक संस्थाले तल दिइएका कार्यहरु सम्पन्न गर्नेछ ।

**तालिका १: स्थानीय सेवा प्रदायक संस्थाले सम्पन्न गर्नु पर्ने प्रमुख क्रियाकलापहरु**

| क्र.स. | क्रियाकलापहरु | वार्षिक लक्ष्य |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालयको हाता भित्र आप्रवासी श्रोत केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन | १ |

| | | |
|---|---|---|
| १.१ | इलाका प्रशासन कार्यालयको हाता भित्र आप्रवासी श्रोत उपकेन्द्र संचालन गर्ने (ईलाका प्रशासन कार्यालयवाट पासपोर्ट सिफारिस हुने भएमा) | १ |
| २ | आप्रवासी श्रोत केन्द्रमा व्यक्तिगत तथा समूह परामर्श प्रदान | ३,००० जना (कम्तीमा १५ प्रतिशत महिला) |
| ३ | बैदेशिक रोजगारीका सन्दर्भमा ठगी वा समस्यामा परेका व्यक्तिहरुलाई कानुनी तथा अन्य सम्बन्धित सहयोग गर्ने र आवश्यक समन्वय गर्ने | आवश्यकता अनुसार |
| ४ | बैदेशिक रोजगारमा जान चाहने सम्भावित आप्रवासीहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धी समुदायमा गहन अभिमुखिकरण कार्यक्रम | २४ वटा (प्रति कार्यक्रम १५ देखी २० जना) |
| ५ | जानकारीमूलक सूचनाहरु (श्रोत केन्द्र Visiting card, receipt, leaflet) छपाई गरी श्रोत केन्द्र, समुदाय तहको कार्यक्रम र जिल्ला/ ईलाका प्रशासन कार्यालयवाट सेवाग्राहीहरुलाई वितरण गर्ने | नियमित |
| ६ | बैदेशिक रोजगारीबाट फर्केर आएका स्वयंसेवक (Returnee volunteer) छनौट, अभिमुखिकरण र परिचालन | १५ जना |
| ७ | विप्रेषण प्राप्त गर्ने परिवारका विशेष गरी महिला सदस्यका लागि मनोसामाजिक परामर्श सहितको वित्तिय साक्षरता कक्षा सञ्चालन | १६ समूहहरु (२० देखी २५ जना प्रति समुह) |
| ८ | बैदेशिक रोजगारीका कारणले तनावमा रहेका परिवारका सदस्यहरुलाई ब्यक्तिगत मनोसामाजिक परामर्श | ८० जना |
| ९ | समुदाय स्तरमा विभिन्न समूहहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखिकरण | ४० वटा समूह (एक समूहमा दुई पटक) |
| १० | सुरक्षित वैदेशिक रोजगारीका विभिन्न सवालहरुमा सार्वजनिक महत्वका छोटो सुचनाहरु स्थानीय एफएम रेडियो (दुई एफएम रेडियाहरु) बाट प्रशारण | नियमीत |
| ११ | करियर अभिमूखिकरण कार्यक्रम | १२ पटक |
| १२ | पत्रकारहरुसंग सुरक्षित बैदेशिक रोजगारी संवन्धी १ दिने अन्तरक्रिया कार्यक्रम | १ पटक |
| १३ | स्थानीय सरकारहरु तथा निर्वाचित प्रतिनिधिहरुसंग वडा सदस्य सहित सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अन्तरक्रिया कार्यक्रम | ४ पटक |
| १४ | अभियानकर्ताहरुको पहिचान तथा परिचालन | ८ अभियानकर्ताहरु |
| १५ | सम्भावित आप्रवासी कामदारहरुलाई सीप विकास तालिम लिन प्रोत्साहित गर्ने तथा सीप तालिम प्रदायक संस्थामा रिफर गर्ने | नियमित |
| १६ | सूचना/परामर्श प्रदान गरे पछि सम्भावित आप्रवासी व्यक्तिहरुलाई फोन मार्फत फलोअप (कम्तीमा १० प्रतिशत) तथा आवश्यक | नियमित |

| | | |
|---|---|---|
| | जानकारी प्रदान गर्ने | |
| १७ | परियोजनाका सेवाग्राहीहरुको विवरण अनलाईन सुचना प्रणालिमा राख्ने | नियमित |
| १८ | पालिका परियोजना व्यवस्थापन समिति, जिल्ला परियोजना समन्वय तथा अनुगमन समिति बैठकहरु | नियमित |

माथि उल्लेख गरिएका बाहेक परियोजनाको उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने अन्य केही क्रियाकलापहरु भएमा संस्थाले प्रस्ताव गर्न सक्नेछ । त्यस्ता क्रियाकलापहरु उपर्युक्त भएमा परियोजना व्यवस्थापन समितिले निर्णय गर्न सक्नेछ ।

## ५. स्थानीय सेवा प्रदायक संस्थाको भूमिका तथा उत्तरदायित्व

छनौट भएको स्थानीय सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय सरकारहरुले तोकेको परियोजना समन्वय अधिकारी र प्राविधिक  सहयोगी संस्थाले तोकेको कर्मचारीसंगको निकटतम समन्वय तथा सहयोगमा निम्न बमोजिमको भूमिका तथा उत्तरदायित्व निर्वाह गर्नेछ ।

### ५.१ परियोजना व्यवस्थापनः

क) अनुच्छेद  ८.१ मा उल्लेख भए अनुसारको सांगठनिक ढाँचा र कार्यालय स्थापना गर्ने ।

ख) नेपाल सरकारको  प्रक्रिया अनुसार  प्राविधिक  सहयोगी संस्थासँगको निकटतम् समन्वयमा बार्षिक, अर्धवार्षिक तथा चौमासिक कार्यक्रम तथा बजेट निर्माण गर्ने तथा पालिका परियोजना व्यवस्थापन समितिबाटे स्विकृत गराउने ।

ग) पालिका परियोजना व्यवस्थापन समितिबाट स्विकृत चौमासिक योजना अनुसार परियोजनाका गतिबिधि कार्यान्वयन गर्ने ।

घ) परियोजनाका गतिविधिहरुको नियमित निरीक्षण तथा अनुगमन गरी सम्बन्धित स्थानीय सरकारहरु  र प्राविधिक सहयोगी संस्थालाई जानकारी गराउने ।

ङ)  सञ्चालन हुन लागेका क्रियाकलापको पूर्व जानकारी सम्बन्धित स्थानीय सरकारहरुले तोकेको परियोजना समन्वय अधिकारी र प्राविधिक  सहयोगी संस्थाले तोकेको कर्मचारीलाई दिने र आवश्यकता अनुसार निरीक्षण तथा अनुगमन गराउने ।

च) स्वीकृत कार्ययोजना अनुसार मासिक, चौमासिक, अर्धबार्षिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय सरकारमा पेश गर्ने । सो प्रतिवेदनको एक प्रति प्राविधिक सहयोगी संस्थालाई दिने ।

छ) नेपाल सरकारको प्रचलित नियममा रही संस्थाको नियम र विधानअनुसार लेखा परीक्षण गराई  लेखा परीक्षण प्रतिवेदन सम्वन्धित निकायलाई उपलव्ध  गराउने ।

ज) स्थानीय सेवा प्रदायक संस्थाले संघीय, प्रदेश तथा स्थानीय सरकारको सम्वन्धीत ऐन, नियम तथा कानुनको पूर्ण पालना गर्नुका साथै तिर्नु बुझाउनु पर्ने भ्याट तथा अन्य कर तथा शुल्कहरु नियमानुसार बुझाउनु पर्नेछ ।

झ) सेवा प्रदायक संस्थाले श्रम ऐन २०७४ को पालना गर्नु पर्नेछ ।

### ५.२ मानवीय स्रोत व्यवस्थापनः

क) सम्बन्धित स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थासंगको समन्वय र सहकार्यमा अनुच्छेद ८.२ मा उल्लेख भए अनुसारका कर्मचारीहरुको नियुक्ति गर्ने ।

ख) कर्मचारीहरुलाई परियोजनाका गतिविधि तथा संस्थाको जिम्मेवारीको बारेमा अभिमुखीकरण गर्ने ।

ग) कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण दिई परिचालन गर्ने ।

## ६. सेवा प्रदान गर्ने तरिका

स्थानीय सेवा प्रदायक संस्थाको सेवा प्रदान गर्ने तरिकाहरु यस प्रकार हुनेछन्:

क) परियोजनाको गतिविधिको योजना बनाउँदा तथा परिमार्जन गर्दा सम्बन्धित स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थाको कार्यालय मार्फत् स्वीकृति प्राप्त गर्ने ।

## ७. स्थानीय सेवा प्रदायक संस्थासँग हुनुपर्ने आवश्यक ग्राह्यता र अनुभवः

स्थानीय सेवा प्रदायक संस्थासँग निम्नानुसारको ग्राह्यता, अनुभव तथा योग्यता हुनु पर्नेछः

- **कानूनी हैसियतः** नेपाल सरकारको प्रचलित कानून र स्थानीय सरकारको नीति बमोजिम सेवा प्रदायक संस्थाको रुपमा गठन भएको र सम्बन्धित आधिकारिक निकायमा दर्ता भई नियमानुसार नवीकरण भएको ।
- **कानूनी अनुमतिः** नेपाल सरकारको प्रचलित कानून बमोजिम नेपाल सरकार, दातृ निकाय वा बाह्य संघसंस्थाहरुबाट अनुदान प्राप्त गर्ने र सो अनुसार कार्यक्रम संचालन गर्ने अनुमति प्राप्त भएको ।
- **कार्यकारी समिति र कर्मचारीः** कुनै प्रकारको राजनीतिक पार्टीमा सक्रिय रुपमासदस्यता नलिएको कार्यकारी समिति र कर्मचारी भएको ।
- **संस्थागत ब्यबस्थापनः** सुशासनको मान्यता प्रति प्रतिबद्ध तथा अद्यावधिक विधान भएको एवं विधान बमोजिम कार्यकारी समिति बैठक तथा साधारण सभाको नियमितता । साथै आर्थिक, प्रशासनिक तथा मानव संसाधन नियमावली भएको ।
- **क्रियाशीलताः** कम्तीमा विगत पाँच वर्ष देखि सम्बन्धित जिल्लामा निरन्तर रुपमा क्रियाशील रहेको ।
- **आर्थिक अनुशासन र पारदर्शिताः** पछिल्लो ३ बर्षको लेखा परीक्षण प्रतिवेदन, कर कार्यालयमा दर्ता भएको, कर छुट वा कर तिरेको निस्सा प्रमाण भएको ।
- **परियोजना ब्यबस्थापन क्षमताः** योजना तथा बजेट तयार पार्ने, परियोजनाका गतिविधि कार्यान्वयन गर्ने, अनुगमन गर्ने, सम्वन्धित सरोकारवालाहरुसँग प्रभावकारी समन्वय गर्ने, तथा प्रगति विवरण तयार पार्ने क्षमता भएको ।
- **सामाजिक समावेशीकरणः** लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको सिद्धान्त प्रति प्रतिबद्ध तथा समावेशीमूलक कार्यकारी समिति र कर्मचारी भएको ।

**अनुभवः** सामाजिक परिचालन, द्वन्द संवेदनशीलता, पिछडिएको तथा सिमान्तकृत वर्गसँग उनीहरुको सशक्तीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी काम गरेको अनुभव भएको । श्रम आप्रवासन÷सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा कम्तीमा दुई बर्ष काम गरेको अनुभव भएको संस्थालाई ग्राहयता दिईनेछ ।

## ८. आवश्यक सांगठनिक ढाँचा, कार्यालय र जनशक्ति

### ८.१ स्थानीय सेवा प्रदायक संस्थाको सांगठनिक ढाँचा र कार्यालय

स्थानीय सेवा प्रदायक संस्थाले यस परियोजनाको प्रयोजनको लागि  छुटटै सांगठनिक ढाँचा तयार गर्नु पर्नेछ। साथै, यस परियोजनाको दैनिक कारोबारको प्रयोजनको लागि स्थानीय सेवा प्रदायक संस्थाले स्थानीय सरकार र प्राविधिक  सहयोगी संस्थाको स्वीकृत मापदण्ड बमोजिमको साइनबोर्ड सहित न्यूनतम भौतिक पूर्वाधार भएको कार्यालय वा सम्पर्क कार्यालयको व्यबस्था गर्नु पर्नेछ । यस्तो कार्यालय स्थापना गर्दा संस्थाको मौजूदा सुविधाहरुको प्रयोगलाई प्रोत्साहन दिइनेछ ।

**८.२ परियोजनाका लागि आवश्यक जनशक्ति**

स्थानीय सेवा प्रदायक संस्थाले परियोजनाका गतिबिधि कार्यान्वयन गर्नको लागि कर्मचारी÷स्वयंसेवक छनौटका आवश्यक प्रक्रियाहरु पुरा गरी निम्नानुसारको जनशक्ति व्यवस्था गर्नु पर्नेछः

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १ | परियोजना संयोजक | १ | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको विकास सम्बन्धी कार्यानुभव, कम्तीमा २ बर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रहि कार्य गरेको अनुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| २ | कार्यक्रम अधिकृत | १ | मानवीकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानून वा सम्वन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ३ वर्षको विकास सम्बन्धी कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ३ | लेखा तथा प्रशासन अधिकृत | १ | व्यवस्थापन संकायमा   स्नातक तह उत्तीर्ण गरी कम्तीमा ३ वर्षको कार्यानुभव |
| ४ | सूचना तथा परामर्शकर्ता | २ | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी सामाजिक परिचालन वा  परामर्श कार्यमा  कम्ती ३ वर्षको कार्यानुभव, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ५ | मनोसामाजिक परामर्शकर्ता | ४ | न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको , सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |
| ६ | सामाजिक परिचालक | १ | न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण वा १० कक्षा पास गरी ३ वर्ष बैदेशिक रोजगारमा काम गरी फर्किएर समाजिक परिचालनको काम गरेको अनुभव भएकोलाई प्राथमिकता दिईनेछ । |
| ७ | वित्तीय साक्षरता सहजकर्ता | ४ | न्यूनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

| | | | |
|---|---|---|---|
| ८ | रिटर्नी स्वयंसेवक | १५ | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । |

**पुनश्चः**

क) माथि उल्लेखित जनशक्तिको कार्यगतशर्तनामा सम्बन्धित स्थानीय सरकारसँगको समन्वयमा प्राविधिक सहयोगी संस्थाले तय गरे अनुसार हुनेछ ।

ख) सबै कर्मचारीको करार अवधि त्यस संस्थासंग हुने परियोजना संभौता अवधि अनुसार हुनेछ । संस्थाको नियमानुसार कर्मचारीको परीक्षणकाल राखिनेछ । परीक्षणकालपछि प्राविधिक सहयोगी संस्थासँग समन्वय गरी कार्य सम्पादन मुल्याङ्कनका आधारमा बाँकी करार अवधि थप गर्न सकिनेछ ।

ग) कर्मचारी छनौट गर्दा सार्वजनिक सूचना निकाली खुल्ला प्रतिस्पर्धाको आधारमा गर्नुपर्नेछ र सो प्रक्रियामा प्राविधिक सहयोगी संस्थाको प्रतिनिधिलाई संलग्न गर्नु पर्नेछ ।

घ) कर्मचारी छनौट तथा नियुक्तीमा संघीय सरकार तथा स्थानीय सरकारले तय गरेको समावेशी नीतिलाई पालना गर्नु पर्नेछ । दलित, आदिवासी, जनजाती, महिला तथा अन्य पछाडी पारीएका समुदाय र बैदेशिक रोजगारीमा गई फर्किएका साथै आप्रवासनको क्षेत्रमा काम गरी दक्ष कार्य अनुभव भएका व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

## ९. परामर्श सेवाको बार्षिक लागत अनुमान

परियोजना अन्तर्गत सञ्चालन गर्नुपर्ने क्रियाकलापहरुको लागत अनुमान सेवा प्रदायक संस्थाले प्रस्तावमा पेश गर्नु पर्दछ।

## १०. प्रस्ताव मुल्यांकन तथा छनौट विधि

प्राप्त प्रस्तावहरु मूल्यांकन गरी छनौट गर्नका लागि सार्वजनिक खरिद (पाचौ शंसोधन) नियमावली, २०७३ को दफा ८१ को मर्म बमोजिम गुणस्तर र लागत विधि अपनाई गरिनेछ ।

## ११. अनुगमन र प्रतिवेदनसम्बन्धी व्यवस्था

परियोजनाको प्रभावकारी अनुगमन सम्बन्धमा सेवा प्रदायक संस्थाले प्रस्तावमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । त्यसका अतिरिक्त प्राविधिक सहयोगी संस्थाको स्थानिय र प्रादेशिक कार्यालय, परियोजना व्यवस्थापन इकाइ, स्थानीय सरकारहरु, सम्बन्धित सरकारी निकाय र मन्त्रालयबाट परियोजनाका गतिविधिबारे सुक्ष्म अनुगमन गरिनेछ ।

संस्थाले कार्यक्रमको प्रगति र आर्थिक प्रतिवेदन नेपाल सरकारको नियमानुसार चौमासिक रुपमा स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थालाई बुझाउनु पर्नेछ । साथै मासिकरुपमा परियोजनाका क्रियाकलापहरुको छोटो विवरण मागेको पेश गर्नु पर्नेछ । यसको साथै स्थानीय सरकार र प्राविधिक सहयोगी संस्थाले परियोजनासँग सम्वन्धित कुनै पनि तथ्यांक तथा जानकारीहरु आवश्यक्ता अनुसार उपलब्ध गराउनु पर्नेछ ।

## १२. परियोजनाको अवधि

यो परियोजनाको अवधि १६ सेप्टेम्बर २०१८ देखि १५ जुलाई २०२२ (२०७५/७६ आश्विन देखी २०७८/७९) सम्म भएतापनि हाललाई कार्यक्रम संचालनार्थ छनौट भएको संस्थासंग .....................................परियोजना संभौता

हुनेछ । त्यस पछि कार्यसम्पादन मूल्याङ्कनका आधारमा परियोजना अवधिभर हरेक वर्ष गर्नुपर्ने क्रियाकलाप तथा बजेट तय गर्दै नवीकरण गरिनेछ ।

**१३. आवश्यक परिमार्जन वा शंसोधन**

यस दस्तावेजमा उल्लेख गरिएका जानकारी, विधि तथा प्रक्रियाहरु प्रचलति ऐन तथा नियमावली संग बाझिन आएको र सेवा प्रदायक छनौट प्रक्रियामा आवश्यक भएमा खरिद तथा मुल्यांकन समितिले प्राविधिक सहयोगी संस्थासंगको सहकार्यमाआवश्यक परिमार्जन वा शंसोधन गर्न सकिनेछ ।

**१४. परियोजनाका लागि स्थानीय सेवा प्रदायक संस्था छनोट प्रक्रिया**

**पहिलो चरणः आशयपत्रको आधारमा आधारभूत योग्यता परीक्षण**

परियोजना कार्यान्वयन गर्न इच्छुक स्थानीय सेवा प्रदायक संस्थाहरुले पहिलो चरण पार गर्न प्रस्ताव पेश गर्दा निम्न लिखित कागजातहरु पेश गरेको हुनुपर्नेछ :

- क. नेपाल सरकारको प्रचलित कानुन अनुसार सम्बन्धित जिल्लामा दर्ता भएको संस्था वा सम्बन्धित जिल्लाको ठेगाना भएको कम्पनीर्को अद्यावधिकरुपमा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
- ख. पछिल्लो ३ बर्षको लेखा परीक्षण प्रतिवेदन (२०७२/७३, २०७३/७४ र २०७४/७५)
- ग. PAN/VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- घ. कर छुटको प्रमाणपत्र वा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- ङ. संस्थाको हकमा विधान वा कम्पनीको हकमा प्रबन्ध पत्र र नियमावली
- च. संगठनात्मक ढाँचा, कार्य समितिका सदस्यहरुको नामावली तथा संस्थाका सदस्य संख्याको जानकारी सहितको संस्थाको प्रोफाइल ।
- छ. कम्तीमा पाँच वर्षसम्म सम्बन्धित जिल्लामा काम गरेको देखिने परियोजना दस्तावेज, प्रगती विवरणहरु वा स्थानीय सरोकारवाला संस्थाले प्रदान गरेको पत्र वा अन्य आधिकारिक कागजात ।

**प्रस्तावका साथ पेश गरिएका सम्पूर्ण कागजातहरु नोटरी पब्लिकद्धारा प्रमाणित गर्नु पर्नेछ । माथि उल्लेखित लिखित कागजात पेश नभएमा सो संस्थालाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।**

आर्थिक, प्रशासनिक तथा मानव संसाधन नियमावली उपलब्ध भएमा सो पनि समावेश गर्न सकिनेछ ।

आशयपत्रको आधारमा मूल्याकंन सुची तयार गरिसकेपछि सो सुचीमा परेका आशयपत्रदाताहरुसँग छलफल, स्थलगत अध्ययन र सरोकारवालाको पृष्ठपोषण लिई देहायको आधारमा मूल्याकंन गरिनेछ । देहायको कुल अंकको न्युनतम् ४० प्रतिशत अंक ल्याउने आशयपत्रदाताहरुलाई मात्र प्रस्ताव पेश गर्न योग्य मानिनेछ र प्रस्ताव पत्र उपलब्ध गराईनेछ ।

| **क. सं.** | **आधार** | **ीबधि** | **अंक** |
|---|---|---|---|
| १ | संस्थाको काम गर्ने क्षमताको लेखाजोखा (विषयवस्तुको बुझाई, विषयगत कार्यानुभव, सुशासन, सेवाग्राहीप्रतिको समर्पण र आर्थिक स्वच्छता) | मुल्यांकन समितिले प्रस्तावक संस्थासित गर्ने अन्तर्क्रिया | १० |

| | | | |
|---|---|---|---|
| २ | संस्थाका दाता, सहकर्मी, सहयोगी संस्था वा लाइन एजेन्सीको मूल्याङ्कन | मुल्यांकन समितिले सहयोगी संस्था वा लाइन एजेन्सीसित लिने पृष्ठपोषण | १० |
| ३ | न्युनतम पूर्वाधार | स्थलगत अवलोकन वा संस्थाले उपलब्ध गराएको विवरण | ५ |
| | | कुल अङ्क | २५ |

प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग खाममा सिलबन्दी गरी बाहिरपट्टि 'प्राविधिक प्रस्ताव' र 'आर्थिक प्रस्ताव' लेखिएको हुनु पर्ने र ती दुवै खामलाई बाहिर अर्को एउटा खाममा राखी पठाएको हुनुपर्ने । बाहिरी खाममा 'वैदेशिक रोजगारी सम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन तथा सामुदायिक परिचालन कार्यक्रमका लागि स्थानीय सेवा प्रदायकको प्रस्ताव  लेखिएको हुनुपर्ने छ ।

माथि उल्लेख गरिए अनुसारका दस्तावेज एवं शर्त पूरा नगरेका संस्थाको प्रस्तावलाई अयोग्य मानी दोस्रो चरणको मुल्याङ्कन प्रकृयामा समावेश गरिने छैन ।

**दोस्रो चरणः प्रस्तावको प्राविधिक मुल्याङ्कन**

पहिलो चरणबाट योग्य ठहरिएका संस्थाहरुसँग प्रस्ताव माग गरी यो चरणमा प्राविधिक प्रस्तावको मुल्याङ्कन गरिने छ । प्रस्तावको छनौट  गुणस्तर र लागत विधी अपनाई गरिने छ । तोकिएको मुल्याङ्कन ढाँचा अनुसार प्रस्ताव पेश गर्ने संस्थाको सुरक्षित आप्रवासन सम्बन्धी बुझाइ, अनुभव तथा प्रस्तावित कर्मचारीहरुको विवरण, बस्तुस्थिति विश्लेषणमा देखाएको परिपक्वता, कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गरेको कार्यविधिको प्रभावकारिता, जोखिमहरुको सटिक मुल्याङ्कन र न्युनीकरणका भरपर्दा उपाय, मितव्ययिता, दिगोपना, अन्य सरोकारवालसितको उपलब्धिमूलक समन्वय, सफल परियोजना व्यवस्थापन र अनुगमनको सुनिश्चितता र लैङ्गिक तथा सिमान्तकृत वर्गप्रतिको संवेदनशीलता आदि प्रमुख बुँदाका आधारमा संस्थाको प्रस्तावको मुल्याङ्कन गरिने छ । प्रस्ताव तयार पार्दा के कति कारणले आफ्नो संस्था तोकिएको कामका लागि उपयुक्त छ र सो विषयमा संस्थाको गहिरो रुचि र प्रतिबद्धता भएको भए त्यसका आधारहरु के हुन् भन्ने पनि खुलाउनु पर्ने छ । प्राविधिक मुल्याङ्कनका लागि ८० प्रतिशत अङ्क छुटयाइएको छ र सोको कम्तीमा ७० प्रतिशत ल्याउने संस्थालाई मात्र तेस्रो चरणको मुल्याङ्कनमा समावेश गरिने छ । प्राविधिक प्रस्ताव नेपाली वा अंग्रेजीमध्ये कुनै एक भाषामा लेखिएको हुनुपर्ने छ ।प्राविधिक मुल्याङ्कनका विस्तृत मापदण्डहरु बुँदा १६ मा दिइएका छन् ।

**तेश्रो चरणः आर्थिक प्रस्ताव मुल्याङ्कन** दोश्रो चरण पार गरेका प्रस्तावदाताहरुको मात्र  आर्थिक प्रस्ताव मुल्याङ्कन गरिनेछ । आर्थिक प्रस्तावका लागि कुल अङ्कको २० प्रतिशत छुटयाइएको छ ।  त्यसैगरी, संस्थाले परियोजनाका गतिविधि सञ्चालनका लागि आफ्नो तर्फबाट सम्भव भएको योगदान (वित्तीय, मानवीय वा भौतिक) पनि खुलाउनु पर्ने छ ।

उपरोक्त सबै चरण पश्चात उच्चतम अंक प्राप्त गर्ने संस्थासंग सम्झौता गरिनेछ । यदि त्यसरी छानिएको संस्थाले सम्झौता गर्न अनिच्छा देखाएमा योग्यताक्रमको सूचीमा दोश्रोमा रहेको संस्थासित सम्झौता गर्न सकिनेछ

**१५. स्पष्टीकरण पाउने, प्रस्ताव पेश गर्ने मिति**

परियोजनासम्बन्धी वा प्रस्ताव पेश गर्ने प्रक्रियासम्बन्धी कुनै जिज्ञासा भएमा प्रस्ताव पेश गर्न चाहने संस्थाले महा/उपमहा/नगर/गाँउ पालिकाको आर्थिक वा सामाजिक विकास शाखामा  **२०७५ साल ...... गते ......बार**

**नेपाली समय अपरान्ह ५:०० बजेभित्र सम्पर्क राख्न सक्नेछन्** । साथै त्यस्ता जिज्ञासाहरु इमेल (**email ID of local government** ) मार्फत पनि राख्न सकिनेछ ।

मिति २०७५ साल .......... गते ...........बार का दिन नेपाली समय अपरान्ह ५:०० बजेभित्र आइपुग्नेगरी सिलबन्दी खाममा संस्थाको आधिकारिक छाप लगाइएको सक्कल प्रस्तावहरु पठाउनु पर्नेछ । त्यसपछि प्राप्त प्रस्तावहरुलाई छनोट प्रक्रियामा समावेश गरिने छैन ।

### १६. स्थानीय सेवा प्रदायक संस्था छनोटका मापदण्ड

| **क.सं.** | **मापदण्ड** | **मापदण्ड पूरा भएको प्रमाण** | **छ/छैन** |
|---|---|---|---|
| *क. पहिलो चरण* | | | |
| १ | संस्थाको आधिकारिकता र स्थानीयता | नेपाल सरकारको प्रचलित कानुन अनुसार सम्बन्धित जिल्लामा दर्ता भएको संस्था वा सम्बन्धित जिल्लाको ठेगाना भएको कम्पनीको अद्यावधिकरुपमा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि<br><br>संस्थाको हकमा विधान वा कम्पनीको हकमा प्रबन्ध पत्र र नियमावली | |
| २ | आर्थिक अनुशासन र पारदर्शिता | पछिल्लो ३ बर्षको लेखा परीक्षण प्रतिवेदन (२०७२/७३, २०७३/७४ र २०७४/७५)<br><br>प्यान/भ्याट(PAN/VAT)मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि<br><br>कर छुटको प्रमाणपत्र वा कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि | |
| ३ | समावेशीकरण र संस्थागत सुशासन | संगठनात्मक ढाँचा, कार्य समितिका सदस्यहरुको नामावली तथा संस्थाका सदस्य संख्याको जानकारी सहितको संस्थाको प्रोफाइल | |
| ४ | कम्तीमा ५ वर्षको अनुभव | सम्बन्धित जिल्लामा कम्तीमा ५ वर्ष काम गरेको देखिने परियोजना दस्ताबेज<br><br>स्थानीय लाइन एजेन्सीको वा अन्य साझेदारहरुको पत्र वा अन्य आधिकारिक कागजात | |
| ५ | परियोजनाका लागि गाम्भीर्यता | प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग खाममा सिलबन्दी गरी बाहिरपट्टि 'प्राविधिक प्रस्ताव' र 'आर्थिक प्रस्ताव' लेखिएको हुनुपर्ने र ती दुवै खामलाई बाहिर अर्को एउटा खाममा राखी पठाएको हुनुपर्ने । बाहिरी खाममा 'वैदेशिक रोजगारीसम्बन्धी आप्रवासी श्रोत केन्द्र सञ्चालन तथा सामुदायिक परिचालन कार्यक्रमका लागि स्थानीय | |

| | | | |
|---|---|---|---|
| | | सेवा प्रदायकको प्रस्ताव ' लेखिएको हुनुपर्ने छ । | |
| *ख. दोस्रो चरण* | | | |
| ६ | सुरक्षित आप्रवासन, सामाजिक परिचालनमा काम गरेको अनुभव | परियोजना प्रस्ताव | ३० |
| ७ | प्रस्ताव गरेको विषयसम्बन्धी बुझाई, काम गर्ने विधिको प्रभावकारिता, जोखिमहरुको सटिक मूल्याङ्कन र न्युनीकरणमा भरपर्दा उपाय, मितव्ययिता, दिगोपना, अन्य सरोकारवालसितको उपलब्धिमूलक समन्वय, सफल परियोजना व्यवस्थापन | परियोजना प्रस्ताव | २० |
| ८ | अनुगमनको सुनिश्चितता र लैङ्गिक तथा सिमान्तकृत वर्गप्रतिको संवेदनशीलता | परियोजना प्रस्ताव | १० |
| ९ | मुख्य जनशक्तिहरु (कार्यक्रम संयोजक, सूचना केन्द्र परामर्शकताहरु, लेखा तथा प्रशासन अधिकृत, मनोसामाजिक परामर्शकर्ताहरु )को योग्यता र अनुभव | परियोजना प्रस्ताव (प्रस्तावित कर्मचारीहरुको बायोडाटा पेश गर्दा सम्बन्धित व्यक्तिले आफु काम गर्न इच्छुक रहेको प्रतिवद्धता (commitment letter) सहितको निवेदन पेश गर्नु पर्नेछ ।) | ३० |
| १० | सीप, ज्ञान हस्तान्तरण | परियोजना प्रस्ताव | १० |
| | | कुल अङ्क | १०० |
| *ग. तेश्रो चरण* | | | |
| ११ | बजेट | | २० |

आज्ञाले,

भीमराज कोइराला

प्रमुख प्रशासकीय अधिकृत